

**के तपाईंको घर पा( नीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा

**कलर भिजिटिङ कार्ड**

साथै

तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २७८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० कार्तिक २ गते बिहीबार ❑ 19 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## अन्तर्राष्ट्रिय चुनौती बन्दै जलवायु परिवर्तन : प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक



प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जलवायु परिवर्तन अन्तर्राष्ट्रिय चुनौती बनेको बताउनुभएको छ।

राष्ट्रिय प्रकृति संरक्षण कोषअन्तर्गत अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाद्वारा बुधबार मुस्ताङको जोमसोममा आयोजित जलवायु संवाद कार्यक्रममा उहाँले दक्षिण एसियाको हिमालय पर्वत शृङ्खला वरिपरि देखा परिरहेको जलवायु परिर्वतको असर विशिष्ट र गम्भीर खालको रहेको उल्लेख गर्नुभयो । "जलवायु परिवर्तन हाम्रो राष्ट्रिय समस्या र चुनौती त हुँदै हो, सँगै यो अन्तर्राष्ट्रिय चुनौती पनि हो, विश्वकै समस्या हो", प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "जलवायु परिर्वतनको जोखिम न्यूनीकरणमा अन्तर ाष्ट्रियजगत्ले पर्याप्त लगानी र पहल नलिने हो भने विश्वले गम्भीर मानवीय र प्राकृतिक विपद्को सामना गर्नुपर्ने स्थिति आउँछ ।" प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्रसङ्घको हालै सम्पन्न महासभालगायत अन्तर्राष्ट्रिय मञ्चहरूमा जलवायु परिवर्तनले नेपालमा पुऱ्याएको क्षति र सम्भावित जोखिमबारे गम्भीरताका साथ विषय उठाइएको बताउनुभयो । "नेपालले झेलिरहेको जलवायु परिवर्तनको समस्याबारे विश्व समुदायको ध्यानाकर्षण भएको छ", उहाँले भन्नुभयो, "आउँदो महिना हुने २८औँ विश्व जलवायु सम्मेलनमा पनि म आफैँ नेपालको प्रतिनिधित्व गरेर जाँदैछु, त्यहाँ पनि गम्भीरताका साथ यो विषय राख्नेछु ।" प्रधानमन्त्री दाहालले नेपालमा जलवायु परिवर्तनबाट पुगेको असर र जोखिमबारे बुझ्न छिट्टै संयुक्त राष्ट्रसङ्घका महासचिवको नेपाल भ्रमण हुन लागेको जानकारी पनि दिनुभयो । उहाँले पछिल्लो समय मुस्ताङलगायत हिमाली क्षेत्रमा जलवायु परिवर्तनबाट पुगेको क्षति र जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय सहयोग


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## फेवातालका डुङ्गा चालकहरूको मा.प.से.

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक



पोखराको फेवातालका डुङ्गा चालकहरूको बुधबार मादक पदार्थ सेवन (मा.प.से.) को परिक्षण गरिएको छ।

पोखरा महानगरपालिका वडा नं.६ लेकसाईड स्थित फेवातालमा समय-समयमा डुङ्गा दुर्घटना हुने घटनालाई मध्यनजर गर्दै उक्त घटनाको न्यूनिकरणको लागि डुङ्गा चालकहरूको मा.प.से. परिक्षण गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी प्रवक्ता डि.एस.पी.श्रवणकुमार बि.क.ले बताउनुभयो । वडा प्रहरी कार्यालय बैदामको आयोजना तथा अस्थायी ट्राफिक प्रहरी पोष्ट बैदामको सहकार्यमा फेवातालमा डुङ्गा चालकहरूले मादक पदार्थ सेवन गरे/नगरेको सम्बन्धमा चेकजाँच तथा डुङ्गामा सवार सर्वसाधरणहरूले लाईफ ज्याकेटको प्रयोग गरे/नगरेको सम्बन्धमा अनुगमन गरी सचेतना मूलक कार्यक्रम गरिएको उहाँले पोखरापत्रलाई बताउनु भयो। उक्त अवसरमा ५० जनामा गरिएको मापसे परिक्षणमा शतप्रतिशत मापसे नगरेको भेटिएको तर ३ जनाले लाईफ ज्याकेन नलगाएको भेटिएकोले पहिलो चरणमा सम्झाई बुझाई छाडिएको डिएसपी बि.क.ले बताउनु भयो।

## एक हप्तामै गण्डकी प्रदेशमा करिब २ हजार जनामा डेंगु संक्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक

नहिलो न धुलो भनेर असोज महिनालाई भन्ने गरे पनि यस बर्षको असोज महिनामा निरन्तर जसो गण्डकी प्रदेशको कास्की सहितका अन्य जिल्लामा निरन्तर रुपमा पानी गर्दा लाखुट्टेको टुकाईले उत्पन्न हुने डेंगु संक्रमण रोग समेत बढ्दो क्रममा रहेको छ। अझै केही समय डेंगु शंक्रमण दर बढ्न सक्ने भएकोले सचेत रहन चिकित्सकहरुले सुझाव दिएका छन्।

पछिल्लो एक हप्तामा गण्डकी प्रदेशमा डेंगु संक्रमण दर करिब २ हजार जनामा यसको शंक्रमण देखा परेको हो। गण्डकी प्रदेशमा हालसम्म ८ हजार ६ सय ९४ जनामा डेंगु संक्रमण देखा परेको गण्डकी प्रदेशको सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयले जनाएको छ । एक हप्ता अघि प्रदेशमा ६ हजार ७ सय ७८ जनामा डेंगु संक्रमण देखा परेको थियो । गण्डकी प्रदेशको तनहुँमा सबै भन्दा धेरै ५ हजार ६ सय ६७ जनामा डेंगु शंक्रमण देखा परेको गण्डकी प्रदेशका सामाजिक बिकास तथा स्वास्थ्य मन्त्रालयका सूचना अधिकारी डा.मधुरजी ढकालले बताए। अघिल्लो एक हप्ता अघि तनहुँमा ४ हजार ६ सय ५१ जनामा डेंगु संक्रमण देखा परेको थियो। चालु आर्थिक बर्षको हालसम्म मुस्ताङ बाहेक १० जिल्लामा देखिएको उक्त तथ्याङ्क अनुसार डेंगु संक्रमणबाट हालसम्म प्रदेशमा ५ जनाको मृत्यु भएको मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख गरिएको छ। कास्कीमा हाल १ हजार ६ सय ७० जनामा डेंगु संक्रमण देखा परेको स्वास्थ्य कार्यालय कास्कीका प्रमुख बद्री आचार्यले बताए। कास्कीमा पछिल्लो एक हप्तामै १ सय ८९ जनामा डेंगु शक्रमण देखा परेको उहाँले जनाए । कास्कीमा एक हप्ता अघि १ हजार ४ सय ८१ जनामा डेंगु संक्रमण देखा परेको थियो। बर्षाद अझै नरोकिएकोले गर्दा डेंगु शंक्रमणको जोखिम अझै केही समय रहने चिकित्सकहरुले सुझाव दिदै आएका छन्। गण्डकी प्रदेशकै सबै भन्दा ठुलो सामुदायिक अस्पताल पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पनि हिजोआज डेंगु संक्रमणका बिरामीहरु आउने क्रम जारी रहेको अस्पतालका निर्देशक डा.भरतबहादुर खत्रीले बताए। अझै पानी पर्न नछाडेकोले लाखुट्टेको टुकाईले उत्पन्न हुने डेंगु शंक्रमण रोग बढ्न सक्ने निर्देशक डा. भरत खत्रीले दाबी गरे।

उक्त अस्पतालमा हाल ७ जना डेंगुका बिरामीहरु भर्ना गरी उपचार हुँदै गरेको अस्पतालका बरिष्ठ मेडिकल रेकर्डर अधिकृत भिम प्रसाद पौडेलले बताए । उनका अनुसार पछिल्लो एक हप्तामा अस्पतालमा परिक्षण गरेका बिरामीहरु मध्यबाट १ सय १० जनामा डेंगु शंक्रमण देखा परेको हो। अस्पतालमा प्रायः दैनिक जसो १ हजार ७ सय जना सेवाग्राहीहरु आउने गर्छन।

## होटल हुने अवैध कृयाकलाप नियन्त्रण गर्न सुझाव

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक



बुधबार पोखरामा आयोजित एक कार्यक्रमका वक्ताहरुले होटलहरुमा हुने अवैध कृयाकलापलाई नियन्त्रण गर्न सुझाव दिनु भएको छ।

पृथ्वी होटल व्यवसायी समितिले बुधबार पोखरामा आयोजना गरेको नेपालीहरुको महान पर्व विजया दशमी एवं शुभ दीपावली, नेपाल सम्वत तथा सम्पूर्ण चार्डहरूको शुभकामना आदान प्रदान तथा सुरक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा बोल्ने वक्ताहरुले उक्त सुझाव दिनु भएको हो । होटललाई कतिपय अपराधिक गतिविधिको केन्द्र बनाउने गरेको प्रशंग उल्लेख गर्दै वक्ताहरुले होटललाई कुनै पनि अवैध कृयाकलाप हुने अखडा बनाउन नहुने बताउनु भएको हो। समितिका अध्यक्ष अम्बिका घिमिरे (अमृत) को अध्यक्षतामा भएको कार्यक्रम वक्ताहरुले पर्यटकीय नगरी पोखरामा राम्रासंगै नराम्रा गतिविधि सहित अपराधिक कृयाकलाप गर्ने समुहहरु समेत सक्रिय रहदै आएको दाबी गर्दै त्यस्ता गतिविधिमा संलग्न हुनेहरु प्रति होटल संचालक देखि अन्य व्यवसायी एवं शान्ति सुरक्षामा खटिने प्रहरीसंग आवश्यक समन्वय गर्न सुझाव दिइएको थियो। वडा


**बाँकी अन्तिम पृष्ठमा ▶▶**



## हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना

आफ्नो क्षेत्रमा चिरपरिचित वित्तीय संस्था पोखरा-१३ बाफ्जापाटन स्थित **कमल पोखरी बचत तथा ऋण सहकारी संस्था लि.** को छैठौं अधिवेशनले अध्यक्ष जस्तो गरिमापूर्ण जिम्मेवारीमा दोस्रो पटक श्री जनकल्याण समितिका पूर्व अध्यक्ष वर्तमान कार्य समितिका दोस्रो सल्लाहकार सदस्य **श्री माधव प्रसाद आचार्य** सामाजिक क्षेत्रमा सुपरिचित व्यक्तित्व हाम्रो कार्यसमितिका सदस्य **इन्द्र बहादुर कुँवर** गरिमामयपूर्ण उपाध्यक्षमा समितिका पूर्व महासचिव युवा संयोजक **कृष्ण बहादुर क्षेत्री (कुमार)** सचिवमा, समितिका आजिवन सदस्य बौद्धिक व्यक्तित्व **किरण सिग्देल** लेखा संयोजकत्वमा हाम्रा पूर्व कार्यसमिति सदस्य **सोमनाथ आचार्य, गोविन्द गौतम, शिवप्रसाद बराल** संचालक समितिमा र हाम्रो समितिका चिन्तनशिल व्यक्तित्व **राम सुब्बा गुरुङ, भवसागर बराल, कविता बराल, सरस्वती भण्डारी बराल** र **रन्जना भण्डारी** संचालक समिति सदस्यमा सर्वसम्मत चयन हुनुभएकोमा गर्वको अनुभूति गर्दै सफल कार्यकालको शुभकामनाको साथमा **हार्दिक बधाई** ज्ञापन गर्दछौं।

**गोविन्द प्रसाद आचार्य**
**महासचिव**

**एवम्**

**देवराज बराल**
**अध्यक्ष**

**श्री जन कल्याण समिति परिवार**
**पोखरा-१३, शिद्धकोस्थान**



## सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# आशिर्वादमा भलिवलको विजेता राम लक्ष्मण समुह

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक

पोखरा महानगरपालिका वडा नं १३ आर्वा स्थित आशिर्वाद क्लब अफ नेपालको अयोजनामा संचालित प्रथम आशिर्वाद भलिवल प्रतियोगितामा विजेता राम लक्ष्मण समुह बीले चुमेको छ।

२९ गते देखि सुरु भएको खेल कार्तिक बुधवार सम्पन्न भएको हो। प्रतियोगितामा द्बित्तिय गलेश्वर समुह भएको छ। त्यसैगरी उत्कृष्ट स्टाइकरमा मिलन सुनार, उत्कृष्ट बल्करमा धोजवहादुर मगर, उत्कृष्ट डिफेन्डरमा इभिल गुरुङले हात पारेका छन्।



प्रतियोगिता पोखरा-१३, आर्वा अमलाचौर अमरज्योति आधारभूत बिद्यालयको मैदानमा भएको थियो। प्रथम, द्बित्तिय हुनेलाई क्रमश पुरस्कार रु ४०,०००/, दृतिय पुरस्कार रु २५,००० र अन्य उत्कृष्ट पुरस्कार सहित मेडल, ट्रफि र सर्टिफिकेटहरु प्रदान गरिएको क्लबका अध्यक्ष मनिष वरालले बताए। पोखरा महानगरपालिका खेलकुद परिषदका अध्यक्ष दिपक गोदारले खेल जिवनको अभिन्न अंग भएको भने।

दशै नजिकिदै गर्दा खेलकुदले कास्की जिल्ला भरीका खेलाडीहरु विच आत्मियता सँगै शुभकामना आदन प्रदान गर्नाले वातवरण मैत्री प्रतियोगिता भएको क्लवका ईन्चार्ज रवि बरालले पोखरापत्रलाई वताए।

आशिर्वाद क्लवका अध्यक्ष मनिष वरालको अध्यक्षतामा भएको कार्यक्रममा समाजसेवी द्धय दर्शन लामा, रजनी परियार र क्लवका पूर्व इन्चार्ज विक्रम वराल लगायत वालेको कार्यक्रममा क्लवका सचिव अर्जुन वरालले संचालन गरेका थिए।

# होटल...

प्रहरी कार्यालय बैदामका प्रमुख एंव डीएसपी राजेन्द्र श्रेष्ठले पोखरामा अबैध मदिराले चुनौती थपिएको दाबी गर्दै अवैध मदिरा नियन्त्रण गर्न याक्सन प्लान बनाउन लागेको बताउनु भयो। अपराधिक गतिविधि रोक्न सबैको साथ सहयोग आवश्यक भएको बताउदै उहाँले प्रविधिमा आधारित आफुहरु पोखरा नगरको शान्ति सुरक्षा गर्न कटिवद्ध रहेको उल्लेख गर्नु भयो। पोखराको मुख्य पर्यटकीय स्थल लेकसाइड देखि पोखराको पर्यटनको मुलद्धार पृथ्वीचोक, छोरेपाटन लगायतको क्षेत्रमा चार्डपर्वको अवसरमा हुने चोरीडकैती देखि अवैध कृयाकलापलाई नियन्त्रण गर्न आन्तरिक तयारी गरेको डिएसपी श्रेष्ठले बताउनु भयो। सिसि क्यामराको संजाल सहित लाईटीङको आवश्यक व्यबस्था हुनु पर्नेमा जोड दिदै डिएसपी श्रेष्ठले शान्ति सुरक्षाको पहिलो प्रथामिकता व्यक्ति भएकोले हरेक व्यक्ति आफै स्वयम सचेत रहन उहाँले आग्रह गर्नु भयो। उहाँले भन्नु भयो " होटलका कोठा अपराधको थलो नवनोस, धेरै जसो अपराधिक गतिविधि गर्ने योजनाहरु होटलहरु नै प्रयोग भएको पाइन्छ, अपराधिक गतिविधि गर्ने योजना पूर्व तयारी, होटलमै ल्याई फिरौती माग गर्ने, वन्दक बनाउने सम्मका गतिविधि हुने हुँदा यसमा शंका लागेमा जो कोहीले प्रहरीलाई खबर गर्न सक्नु हुन्छ।" कानूनी झनझटमा नफस्न होटलहरुले रुम दिदा परिचयपत्र अनिवार्य माग गरी उनीहरुको सम्पर्क नम्बर सहितको ठेगना लिन प्रहरीले आग्रह गर्दै आएको छ। होटल व्यावसायीलाई डिएसपी श्रेष्ठले आन्तरिक सुद्धिकरण गर्नु पर्नेमा जोड दिदै सभ्य ढंगबाट आफ्नो व्यापार व्यवसाय गर्न सुझाव दिदै यात्रुको झोला तानातान गर्ने, विजयपुर र छोरेपाटनबाट मोलमोलाई गर्ने जस्ता कृयाकला नगर्न चेतावनी दिनु भएको छ।

समितिका संस्थापक अध्यक्ष रिजन शेरचनले आफ्नो गक्ष अनुसार दशैं पर्व मनाउन आग्रह गर्दै पोखराको शान्ति सुरक्षा कायमभ गर्ने बिषयमा आफुहरु सधै तयार रहेको बताउनु भयो। समितिका निवर्तमान अध्यक्ष बालकृष्ण निउरेले दुर्घटना वनायर आश्रय स्थल पनि होटलहरू प्रयोग गर्ने भएकोले त्यसलाई नियन्त्रण गर्न प्रहरीहरुसंग आफुहरुले सहजीकरण गर्ने बताउनु भयो।

चाडपर्वमा सुरक्षा चुनौती हुने उहाँको भनाई थियो। समितिका उपाध्यक्ष राजु सुनारले पोखराको पर्यटनको प्रबेशको द्धुवार पृथ्वीचोक क्षेत्रमा रात्रिकालिन सेवा संचालन गर्न माग गर्नु भयो। एक व्यावसायी भक्त प्रसाद अधिकारी प्रहरीले स्थानिय शान्ति सुरक्षामा सहजीकरण गर्न आग्रह गर्नु भयो। पोखराको पर्यटन प्रबर्द्धनमा समितिले महत्वपूण भूमिका खेल्दै आएको महासचिव इन्दु देवि श्रेष्ठले बताउनु भयो।

# प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको अनुगमन

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक

गण्डकी प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्र्तगत वालिङ र स्याङजाका जिल्लाका विभिन्न पालिकामा सञ्चालित कार्यक्रमको अनुगमन, अवलोकन, अनुभव आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ।

प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अन्र्तगत तनहुँको ब्यास नगरपालिका, स्याङजाको वालिङ, भीरकोट नगरपालिका र फेदीखोला गाँउपालिकामा सञ्चालित स्थानीय शासन सहयोग कार्यक्रमको अनुगमन सम्पन्न भएको हो। पालिकाहरुले सुचना प्रविधि, सडक सुरक्षा, कृषि र सरसफाईको क्षेत्रमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम सञ्चालन गरेका छन्। पिएलजीएसपी कार्यक्रमको सहयोगबाट निर्माण भएका योजनाहरुको प्रगति



कार्यान्वयन अवस्था, विद्यमान कानुनी व्यवस्था र आवश्यक कानुन निर्माण, न्यायिक समितिको कार्य प्रगति तथा अर्न्तक्रिया, नवप्रवर्तन साझेदारी कोष कार्यक्रमको प्रगति अवस्था र आगामी योजना र सफल तथा असल अभ्यासहरु बारे अनुगमन, अर्न्तक्रिया र अनुभव अदान प्रदान गरिएको गण्डकी प्रदेश मुख्यमन्त्री कार्यालयका उपसचिव एवं सुचना प्रविधि अधिकारी राजन भटराईले जानकारी दिए। सञ्चालित कार्यक्रमको अनुगमनका लागि गण्डकी प्रदेश समन्वय समिति रहेको छ।सोही समितिले पालिकाहरुमा सञ्चालित कार्यक्रम बारे अनुगमनसंगै अनुभव आदान प्रदान गरेको हो। अनुगमनमा पोखरा महानगरपालिका उपप्रमुख एवं अनुगमन समिति सदस्य मञ्जुदेवी गुरुङ, सदस्य भानु नगरपालिका उपप्रमुख उमा गोतामे, आबुखैरेनी गाउँपालिका उपाध्यक्ष दुर्गा अर्याल, गण्डकी प्रदेश मुख्यमन्त्री कार्यालयका उपसचिव एवं सुचना अधिकारी राजन भटराई,सामाजिक विकास मन्त्रालयका उपसचिव पुष्पराज पौडेल, शाखा अधिकृत जानकी न्यौपाने र रजनी थापा मगर सहितको टोलीले कार्यक्रमको अनुगमन गरेको छ। अनुगमनका क्रममा पालिकाहरुबाट भैरहेका सेवा प्रवाह, न्यायिक समितिले सम्पादन गरिरहेका कार्यहरु बारेमा छलफल भएको थियो।छलफलमा पालिकाहरुले स्थानीय शासन कार्यक्रम प्रभावकारी रहेको बताए।

स्थानीय शासन कार्यक्रम प्रभावकारी देखिएको वालिङ नगरपालिका मेयर कृष्ण खाँडले बताए। त्यस्तै भीरकोट नगरपालिकाले सरसफाई र कृषिको क्षेत्रमा कार्यक्रम गरेको छ। कार्यक्रम प्रभावकारी बनेको भीरकोटका प्रमुख प्रशाकीय अधिकृत धर्मराज ढुंगानाले बताए। त्यस्तै नेपालको संविधानले व्यवस्था गरेको न्यायिक समितिले सम्पादन गरेका कार्यहरुको बारेमा पोखरा महानगरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङले आफनो अनुभव सुनाउदै न्यायिक समितिलाई सफल बनाउनुपर्ने जोड दिइन्। उनले न्यायिक समिति असफल हुदाँ उपप्रमुख र उपाध्यक्ष असफल हुने भएकाले संविधानले व्यवस्था गरेको न्यायिक समितिलाई प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा जोड दिइन्। आबुखैरेनी गाउँपालिका उपाध्यक्ष दुर्गा अर्यालले ब्यास, वालिङ, भीरकोट र फेदिखोला गाँउपालिकाले गरेका कार्यक्रमहरु प्रभावकारी रहेको बताइन्।

# अन्तर्राष्ट्रिय ...

भित्र्याउन पहल गर्ने बताउनुभयो। उहाँले जलवायु परिवर्तनका क्षेत्रमा काम गर्ने विदेशी दातृ निकायबाट प्राप्त हुने रु ५० करोड मुस्ताङमा खर्च गरिने जानकारी पनि दिनुभयो। "गत साउन २८ गतेको बाढीबाट क्षतिग्रस्त बनेको कागबेनी क्षेत्रको पुनः निर्माणमा पनि विदेशी सहयोग जुटाउन सरकारका तर्फबाट आवश्यक पहल भइरहेको छ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनबाट मुस्ताङको जनजीवन, कृषि, उत्पादन, पर्यटन र समग्र व्यवसायमा पुगेको क्षतिलाई कसरी रोक्न सकिन्छ भन्नेमा नेपाल सरकार गम्भीर ढङ्ग रूपमा लागेको छ।" प्रधानमन्त्री दाहालले भौगोलिक विशिष्टता, प्राकृतिक सम्पदा, खनिज, धार्मिक, सांस्कृतिक आदि दृष्टिबाट मुस्ताङ विश्वकै परिचित स्थल रहेको धारणा राख्नुभयो। आज मुस्ताङ आउनुभएका उहाँले आजै बाढीबाट क्षति पुगेको कागबेनी,मुक्तिनाथ,उपल्लोमुस्ताङको लोमान्थाङलगायत क्षेत्रको हवाई अवलोकन गर्नुभएको थियो।


## महालक्ष्मी आर्थिक सहकारी संस्था लि.

पोखरा-९, नयाँबजार
फोन नं.: ०६१-५३९५३७, ५३९३९१

## २४औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस महालक्ष्मी आर्थिक सहकारी संस्था लि. को संचालक समितिको २०८० असोज १२ गते शुक्रबार बसेको संचालक समिति बैठकको निर्णयानुसार संस्थाको **२४ औं वार्षिक साधारण सभा** कार्यक्रम निम्नलिखित मिति, समय र स्थानमा हुने भएको हुँदा उक्त कार्यक्रममा यहाँको अनिवार्य उपस्थितको लागि हार्दिक अनुरोध गर्दछौं।

**कार्यक्रम** :
मिति : २०८०/०७/१७ गते शुक्रबार
समय : दिउसो ठिक ३ : ०० बजे
स्थान : लेगसी होटल, पोखरा ७, मुस्ताङ चोक

**छलफलका विषयहरू** :
१) संचालक समितिको तर्फबाट, अध्यक्षज्यूको प्रतिवेदन।
२) लेखा सुपरिवेक्षण समितिको आर्थिक वर्ष २०७९/०८० को प्रतिवेदन।
३) आ.व. २०८०/०८१ को लागि लेखा परिक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण।
४) आर्थिक वर्ष २०७९/०८० को लेखा परिक्षण तथा कोषाध्यक्षज्यूको प्रतिवेदन।
५) साधारण सभाको माइन्यूटमा हस्ताक्षर गर्न सदस्य चयन।
६) विभिन्न समिति तथा उपसमितिले गरेको निर्णय अनुमोदन गर्ने।
८) विविध।

**संचालक समितिको आज्ञाले**
**अम्बिका मोहन भट्टराई**
**सचिव**


# पोउवा संघले पूर्वअध्यक्ष पालिखेलाई सुम्पियो चीनका उवा संघसँगको सम्बन्धको जिम्मेवारी

**पोखरापत्र संवाददाता**
पोखरा, १ कार्तिक

पोखरा उद्योग वाणिज्य संघले आफ्ना पूर्वअध्यक्ष तथा सल्लाहकार विश्वशंकर पालिखेलाई मित्रराष्ट्र चीनका विभिन्न सहरमा रहेका उद्योग वाणिज्य संघसँग समन्वय र सहकार्य गर्ने जिम्मेवारी सुम्पेको छ।

संघका अध्यक्ष पवनकुमार प्रजापतिको अध्यक्षतामा यही




असोज २७ गते बसेको १५ औं बैठकले पूर्वअध्यक्ष पालिखेलाई सो कार्यको लागि संयोजकको जिम्मेवारी सुम्पेको महासचिव बलराम आचार्यले जानकारी दिए। उनका अनुसार समन्वय र सहकार्यअन्तर्गत 'भगिनी सम्बन्ध' बिस्तार पनि समेटिएको छ।


## कपालको उपचार

### कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्वेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस् ।
– सास लिभोसन

## सम्पादकीय

# उपभोक्ता कति ठगिने ?

दैनिक उपभोग्य वस्तु तथा सेवाको अनुगमन नहुँदा उपभोक्ता ठगिने गरेका छन्।दैनिक उपभोग्य वस्तु तथा सेवा भनेजति नदिने गरेको काठमाडौं गैरीगाउँको भ्याली बाबा सप्लायर्स पेट्रोल पम्पमा मंगलबार प्रधानमन्त्री कार्यालयले छड्के गर्दा परिमाण घटाएर पेट्रोलियम पदार्थ बिक्री गरेको भेटियो । नेपाल आयल निगम र नेपाल गुणस्तर तथा नाप तौल विभागले गुनासो नसुनी अटेर गरिरहेका थिए । मंगलबार ती कार्यालयका अधिकारीसहित प्रधानमन्त्री कार्यालय र सर्तकता केन्द्रका अधिकारी पम्पमा पुगेका थिए । पम्पमा पेट्रोल भर्ने एउटा नोजलबाट सुरुमा नाप तौलका अधिकारीहरुले ५ लिटर पेट्रोल भरे । पहिलो पटकमा केही मात्रामा पेट्रोल कम देखियो, दोस्रो पटक पुनः ५ लिटर तेल भरियो त्यसमा पनि तेल कम आयो । तेस्रो पटक भर्दा पनि पेट्रोल तोकिएको मात्रामा आएन ।

पम्पले बिक्री गर्ने प्रत्येक लिटर पेट्रोलमा मापदण्डमा तोकिएको भन्दा कम्तीमा ४ एमएलका दरले कम दिने गरेको अनुगमनमा भेटियो । 'अनुगमन टोलीले ५ लिटर पेट्रोल ३ पटक आफूले नापतौल गर्ने भाँडोमा खन्याउँदा २० एमएल कम तेल देखियो', पुडासैनीले भने, 'प्रत्येक लिटरमा ४ एमएल कम तेल उपभोक्तालाई बिक्री गरिरहेको अनुगमनमा पाइयो ।' हरेक दिन कम्तीमा २० हजार लिटर पट्रोल बिक्री गर्दा पम्पबाट ८० लिटर पेट्रोल कम हुने देखिएपछि काठमाडौंकै पम्पमा कम परिमाणमा पेट्रोल बिक्री गरेको पाइएपछि बुधबार संयुक्त अनुगमन टोलीले थप २ वटा पम्पमा पनि यस्तै प्रकृतिको अनुगमन गऱ्यो । सशस्त्र प्रहरीले सञ्चालन गरेको स्वाम्भूको हलचोक फ्यूल सेन्टर र कलंकीको श्यामा पेट्रोल पम्पमा गरेको अनुगमनमा पनि यस्तै तरिकाबाट डिजेलमा उपभोक्ता ठगी गरेको देखियो ।

लामो समयदेखि अनुगमन नभएका काठमाडौंका पम्पहरुमा केन्द्रीय अनुगमन कार्यालयबाट अनुगमन भएसँगै पम्पहरुको ठगीधन्दा खुलेको छ । पम्पमा रहेको ४ वटा नोजल (पेट्रोल भर्ने मेसिनसहितको वस्तु) मध्ये मंगलबार अनुगमन टोलीलले सिल गरेको नोजल ३ वर्षदेखि सञ्चालनमा रहेको पाइएको छ । नेपाल आयल निगमका अनुसार काठमाडौंको व्यस्त ठाउँमा रहेको उक्त पम्पले प्रत्येक दिन औसत २० हजार लिटर हाराहारीमा पेट्रोल बिक्री गरिरहेको थियो । यही अनुपातको बिक्री हेर्दा उपभोक्ताले परिमाणमा ४ एमएलका दरले तेल कम प्राप्त गरेको र सो बापत भने पम्पले ठूलो लाभ आर्जन गरेको अनुगमन टोलीको अनुमान छ ।

'२० हजार लिटर बिक्री गर्दा ८० लिटर पेट्रोल बिक्री नगरी उपभोक्ताबाट पैसा असुल गरिनेरहेछ', ती अधिकारीले भने, '८० लिटर पेट्रोलको रकम १३ हजार ७६० रुपैयाँ हुन्छ ।' अनुगमनमा खटिएका अधिकारीहरुका अनुसार यदि यो नोजलले जडान गरेको अवधिदेखि नै कम मात्रामा पेट्रोल दिइरहेको हो भने पम्पले लाखौं रुपैयाँ उपभोक्ताबाट असुल गरेको हुनसक्छ ।सरकारले संचालन गरेको पेट्रोल पम्पमा पनि त्यस्तै अवस्था देखिनु विडम्बना हो । हलचोकको सशस्त्र प्रहरी बलको पम्पले डिजेलमा प्रतिलिटरमा २५ एमएल र कलंकीको श्यामा आयल स्टोरले २० एमएलसम्म कम मात्रामा डिजेल बिक्री गर्ने गरेको भेटिएको छ । हरेक दिन हजारौं लिटर डिजल बिक्री गर्ने मूल सडकको श्यामा र सरकारको सुरक्षा निकायबाटै सञ्चालन गरिएको हलचोक पम्पले यो प्रकारको ठगी गरेपछि अनुगमनमा संलग्न अधिकारीहरु नै अचम्ममा परेका छन् । २० हजार लिटर डिजेल बिक्री गर्दा मात्रै हलचोकको पम्पले १०० लिटर डिजेल जोगाउँछ । यस्तै श्यामाको ८० लिटर जोगिन्छ । जसको आजको बजार मूल्य क्रमशः १६ हजार ५५० रुपैयाँ र १३ हजार २४० रुपैयाँ हाराहारी पर्छ । राजधानीको अवस्था यस्तो छ भने अन्य ठाउँको अवस्था झन डरलाग्दो छासरकार कुरा सुशासनको गरेर काम उल्टो गर्छ भन्ने ज्वलन्त उदाहरण हो ।

'कम मात्रामा डिजेल बिक्री गर्दा बच्ने डिजेल पुनः बिक्री गर्दा पम्पलाई दोब्बर नाफा हुने देखिएको छ । 'कम परिमाणमा डिजेल बिक्री गरेबापत २० हजार लिटरमा करिब ३३ हजार ३ सय रुपैयाँ अतिरिक्त नाफा सशस्त्रको पम्पले नाफा राख्न सक्छ भने श्यामाले २६ हजार ४८० रुपैयाँसम्म राख्न सक्ने देखिन्छ । यी प्रतिनिधि मुलक घटना हुन । नेपाल आयल निगममा इन्धनको गुणस्तर निर्धारणका लागि निर्देशकको नेतृत्वमा छुट्टै विभाग छ। बजार अनुगमन र गुणस्तरका लागि निगमको आफ्नै संरचनाको बाबजुद नेपाल गुणस्तर तथा नापतौल विभागले पनि पेट्रोल पम्पको अनुगमन गर्छ । तर, काठमाडौंमै कम परिमाणमा इन्धन बिक्री गरेको खुलेपछि उी निकायको भूमिकामा प्रश्न उठेको छ । दैनिक बजार अनुगमन गर्नुपर्ने निकायले अनुगमन नगर्ने, गरेपनि पहिल्यै जानकारी गराउने र ठगी र कालोबजारी गर्नेलाई जोगाउने गरि भएका छन । देशभर प्रयोग भएको १६ सय पेट्रोल पम्पहरुको गुणस्तर पास नेपाल गुणस्तर तथा नापतौल विभागले गर्छ । विभागबाटै जाँचपास भएको तेल भर्ने नोजलबाट कम मात्रामा तेल बिक्री भएको पाइएपछि विभागको भूमिकामाथि पनि प्रश्न उब्जिएको छ ।अनुगमन गर्ने निकायकै अनुगमन गर्न नागरिक निगरानी र सचेतना कार्यक्रम ल्याउनु जरुरी छ ।

# पर्वतमा वर्षा र हावाहुरीले धानबालीमा क्षति

पोखरापत्र संवाददाता
पर्वत, १ कार्तिक

मनसुन बाहिरिने बेला परेको वर्षासँगैको असिना र हावाहुरीका कारण पर्वतमा धानबालीमा क्षति पुगेको छ । सोमबार र मङ्गलबारको वर्षा तथा हावाहुरीले जिल्लाका विभिन्न स्थानमा लगाइएको धानबालीमा क्षति पुगेको हो । केही स्थानमा धान ढलेर सोत्तर बनेको कृषकले गुनासो गरेका छन् ।

पर्वतको कुश्मा, फलेवास, विहादी, जलजला, पैँयु र मोदीका विभिन्न वडामा लगाइएको धानबालीमा हावाहुरी र असिनाले क्षति पुऱ्याएको छ । कतिपय ठाउँमा सामान्य असिनासमेत परेर धान झरेको कुश्मा नगरपालिका–८ चुवाका कृषक रुद्रप्रसाद शर्माले जानकारी दिनुभयो । पाक्न थालेको धान हावा र पानीले पूरै सोत्तर बनाएको उहाँको गुनासो छ । त्यसैगरी, कुश्मा वडा नं १ पाङ्को फाँट, वडा नं ९ ज्ञादीको फाँट, कुर्घा र बर्राचौरको फाँटमा समेत धान पूरै ढलाएको छ । यस्तो बेलामा धान ढल्दा फल राम्रोसँग नलाग्ने कृषि प्राविधिकहरूले बताएका छन् । फल लाग्ने बेलामा धान ढल्दा राम्रोसँग नपाक्ने, गेडा पुष्ट नहुने र उत्पादनमा समेत ह्रास आउने कुश्मा नगरपालिकाका कृषि शाखाप्रमुख बलबहादुर जिटीले जानकारी दिनुभयो ।

कृषि ज्ञान केन्द्रका प्रमुख वरिष्ठ कृषि विकास अधिकृत परशुराम अधिकारीले वर्षा, असिना र हावाहुरीले धानबालीमा पुऱ्याएको क्षतिबारे विवरण सङ्कलन भइरहेको जानकारी दिनुभयो । उहाँले सातवटै पालिकाबाट धानबालीमा पुगेको असरका बारेमा विवरण सङ्कलनको काम भइरहेको बताउनुभयो । "हामी पनि अनुगमनमा पुगेका थियौं", अधिकारीले भन्नुभयो, "धान धेरैजसो ढलेको छ, तर बाक्लो असिना नपरेका कारण ठूलो क्षति हुन भने पाएन ।" क्षतिको विवरण हेरेर क्षतिपूर्तिका लागि पहल गरिने अधिकारीले बताउनुभयो । जिल्लाका उच्च पहाडी भेगमा भने धान पाकेर पहेँलपुर भइसकेको छ । कृषक दसैंको छेको पारेर धान थन्क्याउने तयारीमा रहेका छन् । पर्वतको मुख्य बालीका रूपमा धानबाली हो । जिल्लाको झन्डै नौ हजार हेक्टर क्षेत्रफलमा धानखेती हुँदै आएको छ ।

# लुलाङमा तीन महिनापछि बिजुली बल्यो

पोखरापत्र संवाददाता
म्याग्दी, १ कार्तिक

म्याग्दीको धवलागिरि गाउँपालिका–२ मा तीन महिनापछि बिजुली बलेको छ । मरेनीको फेदीमा रहेको ३५ किलोवाट क्षमताको दरखोला दोस्रो लघुजलविद्युत् परियोजनको विद्युतगृह असार अन्तिम साता बगाएको थियो । विद्युतगृह बगाएपछि लुलाङ, खोरिया, लमसुङ र मरेनीका करिब चार सय परिवार अन्धकारमा थिए ।

परियोजनाको मर्मत गरेर तीन महिनापछि मङ्गलबारदेखि विद्युत् आपूर्ति भएको लमसुङका भक्त सिकिजा पुनले जानकारी दिनुभयो । "दसैँतिहारजस्ता चाडपर्वको समयमा गाउँ उज्यालो हुँदा स्थानीयवासीमा खुसीयाली छाएको छ", उहाँले भन्नुभयो, "परियोजना मर्मत गरेर विद्युत् आपूर्ति सञ्चालन भएपछि जनजीवन सहज भएको छ ।"

दरखोला दोस्रो लघुजलविद्युत् परियोजना मर्मतका लागि धवलागिरि गाउँपालिकाले रु पाँच लाख ५० हजार र जिल्ला समन्वय समितिले रु पाँच लाख ५० हजार विनियोजन गरेका थिए । उपभोक्ता समितिका अध्यक्ष कृष्णबहादुर गौचनले पहिरोले पुरिएर भत्किएको विद्युतगृह र उपकरण मर्मत गरेर परियोजना सञ्चालन गरिएको बताउनुभयो । परियोजना सञ्चालन भएपछि चारवटा बस्तीका तीन सय ७० परिवार लाभान्वित भएका छन् । "नहरबाट आएको पानी सङ्कलन हुने ट्याङ्की भरिएर बग्दा खसेको पहिरोले विद्युत् गृह र पेनस्टक पाइप बगाएको थियो", गौचनले भन्नुभयो, "पेनस्टक पाइप, विद्युतगृह र उपकरण परिवर्तन तथा मर्मत गरेर परियोजना पुनः सञ्चालन गरेर गाउँलाई उज्यालो बनाएका छौँ ।" विसं २०७८ भदौमा बाढीले बगाएको परियोजना मर्मत गरेर छ महिनापछि पुनःसञ्चालन गरिएको थियो । लमसुङमा रहेको परियोजना २०७२ सालमा जुगेपानी पहिरोले बगाएपछि मरेनीको फेदीमा स्थानान्तरण गरिएको थियो । दरखोला दोस्रो लघुजलविद्युत् परियोजना तेस्रोपटक पहिरोको चपेटामा परेको छ । केन्द्रीय प्रसारण लाइन नपुगेको लुलाङका बासिन्दा विद्युत् सुविधाका लागि लघुजलविद्युत् परियोजनामा निर्भर छन् । उज्यालोका लागि टुकीको भर पर्नुपर्ने, वडा कार्यालय, स्वास्थ्य संस्थाको सेवा प्रभावित, मोबाइल चार्ज गर्न, ल्यापटप, कम्प्युटर चलाउन समस्या भएको थियो ।

परियोजना पुनः सञ्चालन भएपछि विद्यार्थीलाई पढ्न र स्थानीयवासीलाई घरायसी काम गर्न सहज भएको छ । धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनले पटक-पटक पहिराले लघुजलविद्युत् परियोजनामा क्षति गरेकाले लुलाङ, खोरिया, लमसुङ र मरेनीमा जतिसक्दो छिटो केन्द्रीय प्रसारण लाइनको विद्युतीकरण गर्न पहल गरेको बताउनुभयो । "नेपाल विद्युत् प्राधिकरणले यसपालि म्याग्दीमा विद्युतीकरण विस्तारका लागि रु २० करोड बजेटको ठेक्का सम्झौता गरेको छ", उहाँले भन्नुभयो, "लुलाङको विद्युत्सम्बन्धी समस्याको दीर्घकालीन समाधानका लागि केन्द्रीय लाइन विस्तारलाई छिटो कार्यान्वयन गराउन पहल गरेका छौं ।"

# तीन दिनमै नौ गुनासा

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक

पर्वत जिल्ला निवासी समीर नेपाली मङ्गलबार दिउँसो मलिन आँखा पार्दै पोखरा पृथ्वीचोकस्थित पुरानो बसपार्कमा खटिएका ट्राफिक प्रदीप कुँवरसामु पुग्नुभयो । उहाँले मलिन स्वरमा भन्नुभयो, "सर मेलै बोकेको झोला चढेर आएको बसभित्रै छुटेछ, तनहुँको कोत्रेमा बस पुगिसक्यो होला कसरी ल्याउन सकिन्छ ?"

कुश्मा–काठमाडौं यात्रुवाहक बसमा यात्रा गरेर पोखरा आउनुभएका नेपालीले ट्राफिकसँग भन्दै हुनुहुन्थ्यो, "बसबाट झर्ने क्रममा साथमा ल्याएको झोला बसभित्र छुट्यो, झरेको केही मिनेटमै सम्झना भयो मेरो झोला बसभित्र नै छुटेछ, तर त्यो समयमा बसले केही किलोमिटर पार गरिसकेको थियो । बसको पहिचान गरी छुटेको झोलाको सूचना उक्त बसका चालकको कानसम्म पुग्दा बस पोखराबाट २० किलोमिटर अगाडि बढ्दै पृथ्वीराजमार्गअन्तर्गत तनहुँको केत्रेमा पुगिसकेको थियो । ट्राफिक प्रहरी कुँवरले नेपालीको झोला सुरक्षित राखिदिन चालकलाई आग्रह गर्दै उहाँलाई अर्को बसमा चढाएर केत्रेतर्फ पठाउनुभयो । चाडपर्वलाई लक्ष्य गर्दै कास्की प्रहरीले पोखराको पुरानो बसपार्क, लेखनाथको तालचोक, पोखरा छेरेपाटन र पोखरा–२ स्थित बागलुङ बसपार्कमा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याएर लामो तथा छोटो दूरीमा यात्रा गर्ने यात्रुका समस्या समाधान गर्न सुरु गरेको हो । चाडपर्वका बेला घर आउने र जाने यात्रुका समस्या समाधान गर्न यही असोज २७ गतेदेखि मङ्सिर ३ गतेसम्म सञ्चालनमा ल्याइएको यात्रु सहायता कक्षमा तीन दिनभित्र बसका यात्रुले नौ वटा समस्या लिएर आएको जानकारी कास्की जिल्ला ट्राफिक कार्यालयका सूचना अधिकारी शिव पाठकले दिनुभयो । चाड पर्वका बेला पोखराका तीन नाकामा चार चार यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको र ती सबै कक्षमा दुई-दुई जनाका दरले प्रहरी खटाएका छौँ, उहाँले भन्नुभयो- "कक्ष सञ्चालन गरेको तीन दिनभित्र यात्रुका नौ वटा गुनासामध्ये बढी बसभित्र सामान छुटेका छन् । "

दसैं जति नजिकिँदै गर्छ त्यति नै यात्रुका गुनासा बढ्दै जाने बताउँदै सूचना अधिकारी पाठकले गतवर्ष पनि चाडपर्वका समयमा यात्रु सहायता कक्षमा तीन सय गुनासा आएको जानकारी दिनुभयो । दसैँमा घर फर्कदा यात्रुले धेरै मात्रामा सामान बोक्ने भएकाले धेरै उजुरी बसभित्र सामान छुट्ने, तोकिएकोभन्दा बढी भाडा लिएको, गन्तव्य थाहा नहुँदा यात्रुलाई बीच बाटोमा झरेर अलपत्र पर्ने गरेको, बसका कर्मचारीले यात्रुप्रतिको गर्ने व्यवहार नरम नभएको, सिटसङ्ख्याभन्दा बढी यात्रु राखेर यात्रा असहज बनाएको, चालकले बस लापरवाही रूपमा हाँकेको जस्ता समस्या बढी आउने गरेको उहाँको भनाइ थियो ।

बसमा चढ्ने यात्रुले आफू चढेको बस नम्बर राख्नुपर्ने वा टिकट काटेर मात्र यात्रा गरिदिएमा ट्राफिक प्रहरीलाई सामान छुटेपनि बस पहिचान गर्न छिटो र सजिलो हुने भएकाले त्यसतर्फ ध्यान दिनसमेत यात्रुलाई प्रहरीले आग्रह गरेको छ । मादकपदार्थ सेवन गरी सवारीसाधन नचलाउन चालकहरूलाई पटक-पटक तालिम दिनका साथै आग्रहसमेत गर्दै आएका छौँ, यदि कुनै चालकले यात्राको समयमा मादक पदार्थ सेवन गरेको भेटिएमा ट्राफिकलाई खबर गर्नसमेत आग्रह गरिएको छ । यात्रुलाई कुनै समस्या परेमा ट्राफिकको टोल फ्रि नं १०३ मा खबर गर्नसमेत आग्रह गरिएको छ ।

# तीन महिनादेखि अवरुद्ध बारपाक–लाप्राक सडकखण्ड सञ्चालन

पोखरापत्र संवाददाता
गोरखा, १ कार्तिक

बर्खाका कारण तीन महिनादेखि अवरुद्ध भएको बारपाक–लाप्राक सडकखण्ड सञ्चालनमा आएको छ ।

बर्खाका बेला ठाउँठाउँमा खसेका ठूलाठूला पहिराले गएको असार पहिलो सातादेखि अवरुद्ध भएको सडकखण्ड मङ्गलबारदेखि सञ्चालनमा आएको सडक पूर्वाधार विकास कार्यालय गोरखाका प्रमुख गणेश सुवेदीले जानकारी दिनुभयो । जिल्लाको पर्यटकीय गन्तव्यका रूपमा रहेको बारपाक र लाप्राक सडकखण्ड लामो समयसम्म अवरुद्ध भएपछि चौतर्फी आलोचना हुँदै आएको थियो। सातआठ दिनसम्म लगातार ठूला जेसिबीको सहायताले पहिरो हटाएपछि अवरुद्ध सडक सञ्चालनमा आएको उहाँले बताउनुभयो । सडक अवरुद्ध हुँदा लाप्राकमा दैनिक उपभोग्य सामग्री पुऱ्याउन समेत कठिनाइ हुँदै आएको थियो । लाप्राक र आसपासका बस्तीमा सडक अवरुद्ध हुँदा चाडबाडका बेलामा पनि भारी बोकेर खाद्यसामग्री लैजानुपर्ने बाध्यता रहेको थियो । हरेक वर्ष बर्खा लागेसँगै उक्त सडकखण्ड अवरुद्ध हुँदै आएको छ । बारपाक–लाप्राक सडकखण्ड २०७७ साल जेठ ९ गते ठेक्का सम्झौता गरी सडक स्तरोन्नतिको काम सुरु गरिरहेको भए पनि ठेकेदारले समयमा काम सम्पन्न नगर्दा त्यस क्षेत्रका बासिन्दाले हैरानी खेप्दै आउनु परेको छ। ठेक्का सम्झौता भएको झण्डै ४१ महिना भइसक्दा समेत स्तरोन्नतिको काम सम्पन्न हुन सकेको छैन । पूर्वाधार विकास कार्यालय गोरखाले २०७९ साल जेठसम्ममा सडक स्तरोन्नतिको काम सम्पन्न गर्ने गरी शर्मा/विक्की जेभीसँग ठेक्का सम्झौता गरेको थियो । सडकको भौतिक प्रगति अहिलेसम्म ५२ प्रतिशतमात्र रहेको कार्यालय प्रमुख सुवेदीले जानकारी दिनुभयो ।

कार्यालयले १३.१४ किलोमिटर सडक ३४ करोड १५ लाख ७१ हजार एक सय ९८ रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । तोकिएको समयमा काम सम्पन्न गर्न नसक्ने भएपछि कार्यालयले गएको जेठ २२ गतेभित्रका काम सम्पन्न गर्ने म्याद थप गरेको थियो । थपिएको म्याद सकिएको चार महिना भइसक्दा पनि सडक स्तरोन्नतिको काम भने अझै अलपत्र रहेको छ ।

# लिगलिगे दौडको उपाधि नेपाली सेनाका राईलाई

पोखरापत्र संवाददाता
गोरखा, १ कार्तिक

एघारौं लिगलिगे दौड प्रतियोगिता '२०८०' को उपाधि नेपाली सेनाका गजेन्द्र राईले हात पर्नुभएको छ । निर्धारित १३ दशमलव ८ किलोमिटर दूरी ५६ मिनेट ३६ सेकेन्डमा पार गर्दै उहाँले उपाधि जित्नुभएको हो । उपाधि जितेसँगै राई यस वर्षका लागि लिगलिगे राजा घोषित हुनभएको छ ।

प्रतियोगितामा निर्धारित दुरी ५६ मिनेट ५३ सेकेन्डमा पार गर्दै सेनाकै नरेन्द्रसिंह रावत दोस्रो हुनुभएको छ । भारतीय सेनामा कार्यरत अनिष थापामगर प्रतियोगितामा यसपटक तेस्रो हुनुभएको छ । उहाँले निर्धारित दुरी ५८ मिनेट ३५ सेकेन्डमा पूरा गरेर तेस्रो हुन सफल हुनुभएको हो । गोरखा र लमजुङको सिमानामा पर्ने मर्स्याङ्दी नदीको दोभानमा रहेको चेपेघाटबाट सुरु भएको दौड प्रतियोगिता ढिँकीडाँडा, ठाँटीपोखरी, पानी ट्याङ्की, छापथोक, बडडाँडा, बोहोरागाउँ,सभा चौतारो, मैबल, दर्बेपानी, बिजुलीडाँडा, खोली चौतारोदेखि लिगलिगकोट गढीसम्म पुगेर टुङ्गिएको थियो । प्रतियोगितामा उपाधि विजेता राईले रु एक लाखसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभएको छ । त्यस्तै दोस्रो हुनुभएका रावतले ५० हजारसहित मेडल र प्रमाणपत्र, तेस्रो हुने सफल थापामगरले २५ हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नुभएको आयोजक लिगलिगकोट विकास अभियानका अध्यक्ष सज्जीव रानाले जानकारी दिनुभयो ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : व्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : मानसिक तनाव | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।



गण्डकी प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
पर्यटन,उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
पर्यटन तथा उद्योग कार्यालय, कास्की

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०८०/०६/३०

यस कार्यालयबाट मिति २०७३/०८/२६ मा कास्की जिल्ला पोखरा २२ कास्कीमा संचालन गर्ने गरि पोखरा २२ कास्की निवासी प्रकाश चन्द्र गुरुङ र पोखरा २२ कास्की निवासी सुक बहादुर गुरुङको नाममा दर्ता भएको फर्म दर्ता नं. १२१६८/०७३/०७४ (७१५) को कालाबाङ्ग सिस्नेरी एग्रो फर्म नामक फर्मको प्रोप्राईटरले फर्म संचालन गर्न नसक्ने भएकाले मिति २०८०/०६/३० मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं कुनै पनि प्रकारको सामाजिक दायित्वहरु तथा लेनदेन भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पर्यटन तथा उद्योग कार्यालय**
**कास्की**

# केयरसिंहको ठक्करहरूको यात्राशास्त्र विमोचन

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक

कवि केयरसिंह गुरुङको नवीनतम कविताकृति 'ठक्करहरूको यात्राशास्त्र' को बुधबार पोखरामा विमोचन भएको छ।

गण्डकी प्रज्ञा-प्रतिष्ठानका कुलपति सूर्य खड्का 'बिखर्ची' ले कृति विमोचन गरेका हुन्। उनले कवि केयरसिंहलाई 'पहरामा फुलेको फूल' को संज्ञा दिए।

लमजुङको घाम्राङमा गाउँमा शिक्षणसँगै साहित्य सिर्जनामा लागिरहेका गुरुङले गुरुङ भाषासँगै नेपाली भाषाको साहित्यमा समेत महत्त्वपूर्ण योगदान दिएको भन्दै बिखर्चीले केयरसिंहको यो कृतिमा जीवनका उतारचढावहरूलाई दार्शनिक शैलीमा प्रस्तुत गरिएको बताए। नेपाली कविताका क्षेत्रमा कृतिले विशेष महत्त्व राख्ने उनको भनाइ छ। कृतिको समीक्षा गर्दै गुरुङ साहित्यिक मञ्चका अध्यक्ष



तेजबहादुर गुरुङले कृतिमा कहिले हँसाउने, कहिले रुवाउने खालका ८१ कविता समेटिएको बताए। बिम्ब र प्रतीकको सुन्दर संयोजन गरिएको कृतिमा नेपाली माटो र संस्कृतिको पहिचान झल्काउने कविताहरू समेटिएको उनले विश्लेषण गरे।

कवि केयरसिंह गुरुङले जीवन यात्राका क्रममा लागेका ठक्कर हरूलाई लिपिबद्ध गरेर कविता लेखेको बताए। उनले कृतिमा आफ्नो व्यक्तिगत ठक्करहरू मात्र नभई समाज र देशका ठक्कर हरूलाई समेत समेट्ने प्रयास गरेको भनाइ राखे। लमजुङको क्व्होलासोथार गाउँपालिका-८, घाम्राङका स्थायी बासिन्दा गुरुङ सोही ठाउँमा सूर्योदय माविमा अध्यापनरत छन्।

यसअघि नेपाली लोककथा सङ्ग्रह (२०५३), हाम्रा नेपाली लोककथा सङ्ग्रह (२०५६), तमु कविता सङ्ग्रह (२०६२) तमु व्याकरण र अभिव्यक्ति (२०६९), तमु-नेपाली-अङ्ग्रेजी शब्दकोश (२०७४) लगायतका कृति प्रकाशन गरेका उनको यो आठौँ कृति हो। उनले ३ ओटा गुरुङ चलचित्रमा कथा र गीत लेखेका छन्। उनी गण्डकी प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ सभा सदस्य पनि हुन्। ठाडो भाका लोक कला प्रतिष्ठान, नेपालद्वारा आयोजित कार्यक्रम सोही संस्थाका संरक्षक बुद्धिमान दुरा 'धम्पु' को अध्यक्षतामा भएको थियो। संस्थाका संस्थापक महासचिव रुपिन्द्र प्रभावीद्वारा सञ्चालित कार्यक्रममा गण्डकी प्रज्ञा-प्रतिष्ठानका उपकुलपति गोरे गुरुङ, हिमाली गुरुङ परिवारका अध्यक्ष पर्त घले, तमु धीँ युकेका पूर्व अध्यक्ष डम्बर घले, लमजुङ-पोखरा बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष बिजुलीबहादुर गुरुङ, साहित्यकार अमरलेम गुरुङ, गण्डकी प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ सभा सदस्य गमबहादुर गुरुङलगायतले शुभकामना दिएका थिए। सो अवसरमा ठाडो भाका गायक धम्पु र गायिका सीता दुराले ठाडो भाका गायन प्रस्तुत गरेका थिए।

# न्युरोडको सिटि स्क्वायरमा फर्निचर मेला सुरु

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक

फर्निटेक नेपाल प्रालिले पोखराको न्युरोड स्थित सिटि स्क्वायर ब्याङ्क्वेटमा फर्निचर एक्सचेञ्ज सहित प्रदर्शन सुरु गरेको छ।

कार्तिक १ गते देखि तीन दिन सम्म चल्ने उक्त अफरमा कुनै पनि फर्निचरका सामाग्रीमा ३० देखि ६० प्रतिशत छुटमा प्रीमियम क्वालिटिका सोफा बिक्रिमा राखिएको छ। जनसमुदायको राम्रै चासो रहेको मेलामा फर्निचरमा ५ वर्षको वारेन्टी दिइएको उनले बताए। प्रदर्शन गरिएका फर्निचर हरुको गुणस्तर एवम् कालिगडी



उच्चस्तरीय रहेको कम्पनीका संचालक कृष्ण बरालले बताए।

चितवनमा केन्द्रिय कार्यलय रहेको उक्त प्रालिले पोखरामा पनि आफ्नो फर्निचर ब्यापार बिस्तार गर्ने योजना बनाएको अध्यक्ष अमर घिमिरेले बताए। चितवनमा फर्निटेक नेपाल प्रालि फर्निचर ब्यबसायमा नाम चलेको कम्पनी रहेको पनि उनले दाबी गरेका छन्। मेलामा ५० हजार देखि ४ लाख सम्मका सोफा सेट राखिएको छ। उच्च गुणस्तरका फर्निचर सामाग्रीको उपभोक्ताले खोजे अनुसार उपलब्ध गराउन पोखरामा तीस प्रतिशत छुट्का साथ बिक्रि बितरण सुरु गरिएको उनले बताए।

# वातावरणमैत्री विकासको आवश्यकता : वनमन्त्री महतो

पोखरापत्र संवाददाता
मुस्ताङ, १ कार्तिक

वन तथा वातावरणमन्त्री वीरेन्द्रप्रसाद महतोले जलवायु परिवर्तनको असर र क्षति न्यूनीकरण गर्न वातावरणमैत्री विकासको आवश्यकता रहेको बताउनुभएको छ।

राष्ट्रिय प्रकृति संरक्षण कोष अन्तर्गतको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले आज जोमसोममा आयोजना गरेको 'सरोकारवालासँग जलवायु संवाद' कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले अव्यवस्थित विकास निर्माणका कारण विपत्ति सिर्जना भएको बताउनुभयो। "अवैज्ञानिक किसिमको निर्माणले प्रकृतिमा असर गरेको छ", उहाँले भन्नुभयो, "भोलि के हुन्छ भन्ने अनुमान र विश्लेषण नगरी विकासका काम गर्ने प्रवृत्ति रोक्नलाई अनुरोध गर्दछु।" उहाँले मानवीय लापरबाही र गतिविधिका कारण वातावरणमा परेको असर तथा क्षति न्यूनीकरण गर्न विकाससँगै संरक्षणको काम पनि गर्नु आवश्यक देखिएको बताउनुभयो। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को हालै भएको चीन भ्रमणका क्रममा मुस्ताङको कोरलालगायत नेपालको सिमानामा रहेका १४ व्यापारिक नाका सञ्चालन र जडीबुटीको निकासी गर्ने सम्बन्धमा समझदारी भएको मन्त्री महतोले बताउनुभयो। "चीनसँग भएको समझदारीले नेपालको हिमाली क्षेत्रको जडीबुटीको बजारीकरणमा सहयोग पुग्नेछ", उहाँले भन्नुभयो "जडीबुटी खेतीको विस्तार र प्रवर्द्धनका लागि वन मन्त्रालयले जोड दिएको छ।" विश्व समुदायले नेपालको वातावरण संरक्षणको क्षेत्रमा उपलब्ध गराएको रु ५० करोड अनुदान मुस्ताङमा जलवायु परिवर्तनको असर र क्षति न्यूनीकरण तथा अनुकूलनका योजनाका लागि परिचालन गरिने मन्त्री महतोले बताउनुभयो। मुस्ताङ, मनाङ, सिन्धुपाल्चोकलगायत जिल्लामा पछिल्लो केही वर्षयता जलवायु परिवर्तनका कारण भएको क्षतिको विषयलाई २८औँ विश्व जलवायु सम्मेलनमा अन्तराष्ट्रियकरण गरिने उहाँले बताउनुभयो।

"हाम्रा हिमाल हिउँविहीन हुने, हिमताल फुट्ने जोखिम हुने, हिमाल कालापत्थरमा परिणत भएको मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्छौँ", उहाँले भन्नुभयो, "जलवायु परिवर्तनको क्षति र असर न्यूनीकरणका लागि तीनै तहका सरकारले अनुकूलनका योजना बनाएर कार्यान्वयन गर्न आवश्यक छ।" राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्यसचिव शरदचन्द्र अधिकारीले जलवायु परिवर्तनका कारण जनजीवनमा परेको असरका बारेमा स्थलगत निरिक्षण र नागरिकको गुनासो सुनेर अन्तराष्ट्रिय जलवायु सम्मेलनमा उठाउनका लागि प्रधानमन्त्री प्रचण्डको उपस्थितिमा संवाद कार्यक्रमको आयोजना गरिएको जानकारी दिनुभयो।

छलफलमा सङ्घीय, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा स्थानीयहरूले तापक्रम वृद्धि र जलवायु परिवर्तनका कारण परेको असर तथा समस्याका बारेमा जानकारी गराउनुभएको थियो।

गण्डकी प्रदेशसभा सदस्य बिकल शेरचन, जिल्ला समन्वय समिति मुस्ताङका प्रमुख माया गुरुङ, वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन गुरुङ, नेकपा (एमाले) मुस्ताङका अध्यक्ष आशबहादुर थकाली, स्थानीय चन्द्रबहादुर थकालीले तापक्रम वृद्धि र जलवायु परिवर्तनका कारण मुस्ताङको सबै क्षेत्र प्रभावित भएको बताउनुभयो।

मानिस, पशुपक्षी र बोटबिरुवामा नयाँ रोग देखिएको, हिउँ पर्ने याममा हिउँ नपर्ने, बेमौसमी वर्षा हुने, माटोले बनेका घरहरू भत्किन थालेका, कालीगण्डकी र सहायक नदीहरूमा बाढीको सतह बढेर आउन थालेको, अत्यधिक वर्षा हुन थालेको, तल्लो क्षेत्रमा स्याउ खेती हुन छाडेको जस्ता असर देखिएको उहाँहरूले बताउनुभएको थियो।

# पाखो बारी बन्यो 'एग्रो फरेष्टी एन्ड रिसर्च सेन्टर'

पोखरापत्र संवाददाता
दमौली, १ कार्तिक

तनहुँको व्यास नगरपालिका-१२ फुर्लुङस्थित पाखो बारी एग्रो फरेष्टी एन्ड रिसर्च सेन्टरका रूपमा विकसित भएको छ। प्रयोग नभई बसेको पाखो बारी एग्रो फरेष्टी एन्ड रिसर्च सेन्टरका रूपमा विकसित भएको हो।

काठमाडौं रानीबारी निवासी पारस शाक्यले विसं २०७८ देखि उक्त ठाउँमा आहाना एग्रो फरेष्टी एन्ड रिसर्च सेन्टर सुरु गर्नुभएको हो। करिब ७० रोपनी पाखो जमिन वार्षिक रु एक लाख भाडा तिर्ने गरी शाक्यले रु दुई करोड ५० लाखको लागतमा रिसर्च सेन्टर सञ्चालन गरिरहनुभएको छ।

रिसर्च सेन्टरबाट भएको आम्दानीले स्थानीय गरिब, दलित र पिछडिएको समुदायलाई सहयोग गर्ने लक्ष्य राखिएको उहाँले बताउनुभयो। रिसर्च सेन्टरबाट स्थानीय बाखा तथा कुखुराको अध्ययन अनुसन्धान गर्ने र स्थानीयले पालेका पशुजन्य उपजको नस्लसुधार, उत्पादन र उत्पादकत्व वृद्धि गरी बजारीकरणमा टेवा पुऱ्याउने लक्ष्य लिइएको उहाँको भनाइ छ। रु एक करोडको लागतमा सुधारिएका बाखाका खोर दुई र रु ७५ लाखको लागतमा स्थानीय कुखुरापालन गर्न खोर निर्माण गरिएको रिसर्च सेन्टरका लेखा तथा वित्तीय प्रमुख प्रवीण अग्रवालले बताउनुभयो। यसमा मेघा बैङ्कको ६० प्रतिशत ऋण लगानी रहेको छ। ९० मिटर लम्बाइ र २८ मिटर चौडाइ भएको खोरमा दश कोठा रहेका छन्। उक्त खोरमा माउ बाखा, पठ्याङ्ग्री, गर्भवती बाखा, बिरामी र खसी बोका छुट्टाछुट्टै राख्ने गरिएको छ। ठूलो खोरमा पाँच सय र सानो खोरमा तीन सय बाखा अटाउने दुईवटा खोर निर्माण गरिएका छन्। सेन्टरमा हाल जमुनापारि, बोयर र स्थानीय खरिजातका ६० माउ बाखा, पठ्याङ्ग्री एक सय ५०, खसी बोका एक सय ५० र उन्नत जातका ब्याड बोका तीन गरी तीन सय ६३ बाखा रहेका छन्। त्यस्तै, रु ७५ लाखको लागतमा दुई कुखुराका खोरसमेत निर्माण गरी कुखुरापालन सुरु गरिएको छ।

सोही रिसर्च सेन्टरमा आठ हजार क्षमताको स्थानीय जातको कुखुराको खोर निर्माण गरिएको छ। उक्त खोरमा तीन हजार पाँच सय कुखुरापालन गरिएको छ। रिसर्च सेन्टरले स्थानीय छ जनालाई रोजगारी दिएको छ। रिसर्च सेन्टरमा एक व्यवस्थापक, एक बजार प्रतिनिधि र चारजना हेरालु छन्। बाखा र कुखुराको स्वास्थ्य परीक्षणका लागि हप्तामा एक दिन पशु चिकित्सकबाट स्वास्थ्य परीक्षण गर्ने व्यवस्था गरिएको छ। सेन्टर सञ्चालनका लागि आहारविहार र स्याहारसुसार, उपचार र कर्मचारी तथा कामदारको पारिश्रमिकमा मासिक रु तीन लाख २० हजार खर्च हुने गरेको प्रबन्धक सुदर्शन अधिकारीले जानकारी दिनुभयो।

यहाँबाट स्थानीय कुखुरा जिउँदो भाले रु सात सय प्रतिकिलो र पोथी रु पाँच सयमा बिक्री गरिएको छ। खसी जिउँदो प्रतिकिलो रु पाँच सय ५० मा बिक्री गरिएको छ। उहाँले भन्नुभयो, "गत वर्ष खसीबोका, स्थानीय कुखुरा र केरा बिक्रीबाट रु २४ लाख आम्दानी भयो, हामी अहिले लगानीको अवस्थामा छौँ।" सेन्टरले उत्पादन गरेको जैविक मल स्थानीय किसानलाई उपलब्ध गराउने र स्थानीय किसानबाट मौसमी घाँस खरिद गर्ने गरिएको जनाइएको छ।

# अब चामल लिन बुटवल पुग्नु पर्दैन

पोखरापत्र संवाददाता
बागलुङ, १ कार्तिक

पश्चिम बागलुङका उच्च ग्रामीण क्षेत्रमा आलु, जौ, उवा, भाँगोबाहेक अरू खेती कमै हुन्छ। तीन दशकसम्म स्थानीयको मुख्य खाना आलु र जौको आटा हुन्थ्यो। चिसो हावापानी हुने भएकाले यहाँको माटोमा धान खेती हुँदैनथ्यो।

"धान खेती नहुँदा स्थानीय भात खान दसैं कुर्थे। गाउँमा सडक थिएन। मोटर गाडी देख्नका लागि दुई साता लगाएर बुटवल पुग्नुपर्थ्यो। बुटवल पुगेर घ्यू, आलु र भाँगोसँग चामल साट्ने बाध्यता थियो", ढोरपाटन-९ की ८३ वर्षीया पदमकली विकले भन्नुभयो। उहाँका अनुसार अहिले गाउँगाउँमा सडक विस्तार भएसँगै चामल भित्रिन थालेकाले बाध्यता हटेको छ। दसैंमा मात्रा भात खाने स्थानीयको भान्छामा अचेल दिनहुँ पाक्ने गरेको उहाँको भनाइ थियो। पछिल्लो समय गाउँगाउँसम्म सडक पुगेपछि घरघरमा चामलका बोरा पुग्छन्। सडकले गाउँमा चामल मात्र ल्याएन, गाउँलेको दैनिकीमा नै परिवर्तन ल्याएको विकले बताउनुभयो। उहाँका अनुसार बागलुङको निसीखोला, ढोरपाटन र तमानखोलाका माथिल्लो क्षेत्रमा बसोबास गर्ने अधिकांशले अहिले पनि बजारबाट चामल ल्याएर भात खान्छन्। विकसँग आफ्नो जीवनकालमा १४ पटक बुटवलबाट चामल र नुन ल्याएर उपभोग गरेको अनुभव छ। ढोरपाटनबाट ११ दिनको पैदल यात्रा गरेर बुटवल पुगेको सुनाउँदै आजभोलि गाउँघर नै बुटवल बन्न थालेको उहाँले बताउनुभयो। बैंसीमा पनि धान फल्न थालेपछि चामलको समस्या नहुने उहाँको भनाइ थियो।

"जुग जमाना फेरिए। गाउँ पनि बजार बन्न थाल्यो। हामीले सानोमा कहिल्यै भात खान पाएनौँ। अल्ली ठूलो भएपछि दसैंमा भात खान पायौँ। अहिले त दिनदिनै भात खान्छौँ। हाम्रो गाउँठाउँमा चामल (धान) फल्दैन। आलु र जौको आटा खाएर हुर्किएका हौँ", विकले भन्नुभयो, "उतिबेला गाउँ घरमा दोकान थिएन। सडक पनि आएका थिएनन्। अहिले त दिनदिनै गाडीले बजारबाट चामल र अन्य आवश्यक सामान ल्याउँछन्। गाउँको विकास भएकाले नै यो सम्भव भएको हो।" स्थानीय निमबहादुर पुनले डेढ दशक अगाडिसम्म पनि आलुसँग चामल साटेर भात खाने गरेको सुनाउनुभयो। पछिल्लो समय गाउँघरसम्म चामल बेच्ने पसल सञ्चालनमा आएपछि कोही पनि स्थानीय भात खानबाट वञ्चित नभएको उहाँको भनाइ थियो। ७४ वर्षीय पुनले आफूहरू निकै दुर्गम ठाउँमा हुँदा बाल्यकालमा भातको निकै महत्व हुने गरेको बताउनुभयो। लेकबेंसी गरेर पशुपालन गरेरै जीविका चलाउँदै आएको सुनाउँदै अहिले एक बोरा आलु बेचेर पनि चामल किन्न सकिने उहाँको भनाइ थियो। "हामी त बाउबाजेकै पेसालाई अँगालेर सानैदेखि गाईभैंसी र भेडाबाखा पाल्नतिर लागियो। लेकमा बस्ने, आलु र जौको आटा, दूध, मही खाने गरियो। भात खान पाउँदा निकै खुसी लाग्थ्यो। त्यसबेला चामलको निकै महत्व थियो। तर अहिले त्यत्ति छैन", पुनले भन्नुभयो, "अहिले त हामी लेकमा जाँदा चामल बोकेर जान्छौँ। उता पनि भात पाक्छ। कति बेला त हामीलाई पनि अचम्म लाग्छ, हाम्रो ऊ बेलाको अवस्था सम्झिँदा।"

बागलुङमा हरेक वर्ष धान उत्पादन गर्ने क्षेत्रफल बढ्दै गएको छ। जिल्लास्थित कृषि ज्ञान केन्द्रका अनुसार गत वर्ष पाँच हजार आठ सय ८३ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको थियो। अघिल्लो वर्षको तुलनामा यस वर्ष क्षेत्रफल बढेर छ हजार हेक्टरमा रोपाइँ भएको छ। जिल्लामा ४६ हजार एक सय ४८ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन रहेकामा ३० हजार पाँच सय २३ हेक्टर क्षेत्रफलमा मात्रै खेती हुँदै आएको छ। त्यसमध्ये छ हजार एक सय ४८ हेक्टर क्षेत्रफल जमिनमा मात्रै सिँचाइको सहज पहुँच पुगेको छ। खेतीयोग्य जमिनको २० दशमलव १५ प्रतिशत जमिनमा मात्रै सिँचाइको सुविधा छ। त्यसमध्ये बाह्रै महिना सिञ्चित क्षेत्र दुई हजार सात सय ७५ हेक्टर रहेको केन्द्रले जनाएको छ। पछिल्लो समय बसाइँसराइले खेतीयोग्य जमिन बाँझिँदै गएका स्थानीय बताउँछन्। गाउँमा प्रशस्त खेतीयोग्य जमिन भए पनि सिँचाइको सुविधा नहुँदा बाँझै राख्नुपरेको कृषकको गुनासो छ। मकै र कोदो उत्पादन गर्ने क्षेत्रफल घटे पनि धान उत्पादन भने बढिरहेको ज्ञान केन्द्रले जनाएको छ।


## त्रिवेणी इन्टरनेशनल कलेज लि. को वार्षिक साधारण सभा सम्बन्धी सूचना

**यस कलेजले मिति २०८०/०७/२४ गते शुक्रबार बिहान ११:०० बजेदेखि कलेजको आफ्नै सभाहलमा आठौं वार्षिक साधारण सभा सञ्चालन गर्ने र सो सभामा आ.व. २०७९/८० को लेखापरीक्षण प्रतिवेदन, अध्यक्षको वार्षिक प्रतिवेदन, नयाँ आर्थिक वर्षका लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण, बजेट निर्धारण लगायतका विविध विषयहरुमा व्यापक छलफल र निर्णय गर्ने हुँदा उक्त सभामा सम्पूर्ण शेयरधनी सदस्यज्यूहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।**

सुमन भट्टराई
अध्यक्ष
त्रिवेणी इन्टरनेशनल कलेज लि.
पोखरा-२७, तालचोक, कास्की